राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ९५ २०८३ कात्तिक १० गते मंगलवार (27 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेसमा नयाँ सरकार गठनका लागि एमाले, जसपा र जनमतबीच छलफल





दैनिक समाचारदाता

जनकपुरधाम ९ कात्तिक । मधेस प्रदेश सरकारबाट बाहिरिएको नेकपा एमालेले नयाँ सरकार गठनका लागि जनता समाजवादी पार्टी नेपाल ( जसपा) र जनमत पार्टीसँग छलफल तीव्र पारेको छ। तीनै दलबीच नयाँ गठबन्धन बनाएर सरकार गठन गर्ने विषयमा सकारात्मक छलफल भइरहेको नेताहरूले बताएका छन्।

मधेस प्रदेशमा कृष्णप्रसाद यादव नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएपछि एमाले नयाँ सत्ता समीकरण निर्माणमा जुटेको हो। विगतमा भएका सहमति कार्यान्वयन नभएको र सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको भन्दै समर्थन फिर्ता लिएको एमाले मधेस प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले बताए। उनका अनुसार एमाले सरकारमा चार-पाँच महिना

बाँकी पृष्ठ ४मा


## मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।




मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# धनुषामा एक महिनामा २०४ प्रतिवादी पक्राउ

### असोजमा १५९ अपराधका घटना दर्ता, लागूऔषधका १० मुद्दामा ११ जना पक्राउ; दुर्घटनामा तीनको मृत्यु

दैनिक समाचारदाता

जनकपुरधाम, ९ कात्तिक। जिल्ला प्रहरी कार्यालय धनुषाले असोज महिनामा अपराध अनुसन्धान, अदालतको फैसला कार्यान्वयन तथा शान्तिसुरक्षा कायम गर्ने क्रममा २०४ जना प्रतिवादीलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा चालु मुद्दाका १०१ जना र अदालतको फैसला कार्यान्वयनका क्रममा पक्राउ परेका १०३ जना रहेका छन्।




जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको मासिक प्रगति विवरणअनुसार फैसला कार्यान्वयनका क्रममा पक्राउ परेकाहरूबाट ९० वर्ष एक महिना पाँच दिन कैद सजाय र ५७ लाख ८२ हजार ६६६ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने फैसला कार्यान्वयन गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार अपराध नियन्त्रण, नागरिकका गुनासा सम्बोधन र शान्तिसुरक्षा कायम गर्न नियमित गस्ती, चेकजाँच तथा लक्षित अभियान सञ्चालन गरिएको छ।

प्रहरीको तथ्याङ्कअनुसार असोजमा धनुषामा विभिन्न प्रकृतिका १५९ वटा अपराधका घटना दर्ता भएका छन्। तीमध्ये चोरीसम्बन्धी ३४, ज्यानसम्बन्धी १७, संगठित तथा आर्थिक अपराधसम्बन्धी १०, आत्महत्यासम्बन्धी सात र सामाजिक अपराधसम्बन्धी चार घटना रहेका छन्। अन्य प्रकृतिका अपराधसमेत गरी कुल १५९ घटना दर्ता भएका हुन्।

जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक चासोका १ हजार २७२ वटा पुराना मुद्दा रहेकामा असोज महिनामा ८६ वटा मुद्दाको अनुसन्धान तथा फछ्र्योट गरिएको विवरणमा उल्लेख छ। यस अवधिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी एक हुण्डी मुद्दासमेत दर्ता भएको प्रहरीले जनाएको छ।

भारतसँग सीमा जोडिएको जिल्ला भएकाले सीमापार हुने अवैध कारोबार, लागूऔषध ओसारपसार तथा अन्य आपराधिक गतिविधि नियन्त्रण गर्न भारतीय समकक्षीसँग समन्वय गरी सुरक्षा गतिविधि सञ्चालन गरिएको प्रवक्ता खनालले बताए।

लागूऔषध नियन्त्रण अभियानअन्तर्गत असोजमा १० वटा मुद्दा दर्ता गरी ११ जनालाई पक्राउ गरिएको छ। प्रहरीले उक्त अवधिमा १०८ किलोग्राम गाँजा र २०४.७७ ग्राम खैरो हेरोइन बरामद गरेको जनाएको छ। चरेस, अफिम तथा अन्य लागूऔषधजन्य पदार्थसमेत बरामद गरिएको विवरणमा उल्लेख छ। लागूऔषधविरुद्ध जनचेतना अभिवृद्धि गर्न १३ वटा कार्यक्रम सञ्चालन गरिएको थियो। ती कार्यक्रममा ३७५ जना सहभागी भएका थिए।

असोज महिनामा धनुषामा ८६ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा १३१ वटा सवारीसाधन संलग्न रहेको र तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा १५५ जना घाइते भएका थिए। ट्राफिक नियम उल्लङ्घन गर्ने ६९० वटा सवारीसाधनलाई कारबाही गरी सात लाख २८ हजार रुपैयाँ राजस्व सङ्कलन गरिएको विवरणमा उल्लेख छ। सडक दुर्घटना न्यूनीकरणका लागि नियमित ट्राफिक जाँच, गस्ती तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित घटनामा असोजमा ८४ वटा उजुरी परेको विवरणमा उल्लेख छ। घरेलु हिंसासम्बन्धी उजुरीतर्फ पनि ८४ वटा उजुरी परेको र सबैमा मिलापत्र भएको प्रहरीले जनाएको छ। स्थानीय तहअनुसार उपमहानगरपालिकामा ४१, नगरपालिकामा ३४ र गाउँपालिकामा नौवटा उजुरी परेको विवरणमा उल्लेख छ।

यसैगरी असोजमा महिला, पुरुष, बालबालिका तथा ज्येष्ठ नागरिक गरी ६९ जना हराएको विवरण प्राप्त भएको थियो। तीमध्ये ४१ जना फेला परेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयमा असोज महिनामा प्रत्यक्ष रूपमा ८३८ वटा उजुरी प्राप्त भएका थिए। जिल्ला प्रशासन कार्यालयमार्फत आएका ३० उजुरीसमेत गरी कुल ८६८ उजुरी दर्ता भएका थिए। तीमध्ये ५८२ वटा उजुरी फछ्र्योट भएका छन् भने २८६ वटा फछ्र्योट हुन बाँकी रहेको विवरणमा उल्लेख छ।

प्रहरीले नागरिक सहायता

बाँकी पृष्ठ ४मा

## सर्वोच्चका लागि सिफारिस चार न्यायाधीशविरुद्ध उजुरी आह्वान

दैनिक समाचारदाता

काठमाडौं ९ कात्तिक । सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका चारजनाको संसदीय सुनुवाइ प्रयोजनका लागि उजुरी आह्वान गरिएको छ ।




सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका उच्च अदालतका मुख्य न्यायाधीश रत्नबहादुर बागचन्द तथा न्यायाधीशहरू चन्द्रबहादुर सारू, जनक पाण्डे र गोकर्ण डाँगीविरुद्ध उजुरी आह्वान भएको हो ।

संसदीय सुनुवाइ समितिले सोमबार सूचना जारी गर्दै उजुरी आह्वान गरेको हो । जारी सूचनाअनुसार सिफारिस भएका व्यक्तिलाई न्यायाधीशमा नियुक्त गर्न उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार र प्रमाणसहित उजुरी दिन सर्वसाधारणलाई आग्रह गरिएको छ ।

सूचना प्रकाशित भएको मितिले १० दिनभित्र कार्यालय समयमा समितिको सचिवालय वा कुनै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने सूचनामा उल्लेख छ । जसअनुसार उजुरीकर्ताले आफ्नो नाम, थर, ठेगाना र फोन नम्बर स्पष्ट रूपमा खुलाउनुपर्नेछ । तर, आफ्नो परिचय खुलाउन नचाहनेले गोप्य रूपमा समेत उजुरी दिन सक्ने भनिएको छ ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# कोजाग्रतको सांस्कृतिक उज्यालो

मिथिलाञ्चलको धार्मिक तथा सांस्कृतिक जीवनमा कोजाग्रत पूर्णिमाको विशेष महत्त्व छ। यो पर्व केवल पूजा(आराधना र धार्मिक अनुष्ठानमा सीमित छैन, बरु पारिवारिक सम्बन्ध, सामाजिक सद्भाव र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको मौलिक परम्पराको जीवन्त प्रतीक पनि हो। आधुनिकताको प्रभावले मौलिक संस्कृति ओझेलमा पर्दै गएको वर्तमान समयमा यस पर्वको महत्त्व अझ बढेको छ।

कोजाग्रत पूर्णिमाका अवसरमा महोत्तरीको रतौलीबाट जनकपुरधामस्थित जानकी मन्दिरमा १०८ प्रकारका पाहुर ल्याउने परम्परा यसको विशिष्ट सांस्कृतिक पहिचान हो। स्वर्गीय महेन्द्रप्रसाद ठाकुरको घरबाट ल्याइने पान, मखान, लयु, खाजा, चामल, दाल, तरकारीलगायत सामग्री तथा भगवान् राम र माता जानकीका लागि वस्त्र चढाउने परम्पराले मिथिलाको धार्मिक आस्था र सांस्कृतिक समर्पणलाई उजागर गर्छ। करिब १४२ वर्षदेखि निरन्तर चल्दै आएको यो परम्परा कुनै एक परिवारको धार्मिक दायित्व मात्र होइन, सम्पूर्ण मिथिलाको सांस्कृतिक सम्पदा हो।

यस्ता परम्परा पुस्तौँदेखि निरन्तर चलिरहनु आफैँमा महत्त्वपूर्ण उपलब्धि हो। तर परम्पराको निरन्तरता केवल विगतको गौरवगानमा सीमित हुनु हुँदैन। नयाँ पुस्तालाई यसको ऐतिहासिक पृष्ठभूमि, धार्मिक अर्थ र सांस्कृतिक महत्त्व बुझाउन सक्नुपर्छ। परम्परालाई कर्मकाण्डका रूपमा मात्र होइन, आफ्नो पहिचान र सभ्यताको अभिन्न अङ्गका रूपमा ग्रहण गराउन आवश्यक छ।

कोजाग्रत पूर्णिमाको अर्को महत्त्वपूर्ण पक्ष नवविवाहित दम्पतीसँग जोडिएको पारिवारिक परम्परा हो। बेहुलाको ससुरालीबाट पाहुर ल्याउने, चुमाओन गर्ने, दुर्वाक्षत दिने र भोजभतेरमार्फत आफन्त तथा इष्टमित्रसँग खुसी साटासाट गर्ने चलनले दुई परिवारबीचको सम्बन्धलाई प्रगाढ बनाउँछ। पान र मखान बाँड्ने परम्पराले पनि आत्मीयता, सम्मान र सामाजिक एकताको सन्देश दिन्छ। यस्ता संस्कारले विवाहलाई दुई व्यक्तिबीचको सम्बन्धमा मात्र सीमित नराखी दुई परिवार र समुदायबीचको सम्बन्धका रूपमा स्थापित गर्छन्।

जानकी मन्दिरमा आयोजना हुने भजनकीर्तन तथा अन्य धार्मिक कार्यक्रमले पर्वको आध्यात्मिक पक्षलाई जीवन्त बनाउँछन्। हास्यपरिहासका कार्यक्रमले पर्वमा उल्लास थप्छन्। धर्म, मनोरञ्जन र सामाजिक अन्तरघुलनको यस्तो संयोजन मिथिलाको सांस्कृतिक विशेषता हो। यसले जीवनलाई उत्सवमय बनाउनुका साथै सामूहिक सम्बन्धलाई बलियो बनाउँछ।

यद्यपि, मौलिक परम्पराको संरक्षण गर्ने जिम्मेवारी परिवार वा मन्दिरको मात्र होइन। स्थानीय तह, सांस्कृतिक संस्था, सञ्चारमाध्यम, शिक्षण संस्था र समुदाय सबैले यसमा भूमिका निर्वाह गर्नुपर्छ। ऐतिहासिक परम्पराको अभिलेखीकरण, सांस्कृतिक सामग्रीको संरक्षण, नयाँ पुस्ताको सहभागिता र पर्वको मौलिक स्वरूपबारे जनचेतना अभिवृद्धि गर्न आवश्यक छ। धार्मिक आस्थाका नाममा देखावटी प्रतिस्पर्धा बढाउनेभन्दा परम्पराको मूल भावना जोगाउन ध्यान दिनुपर्छ।

मिथिलाको पहिचान यहाँका मन्दिर, पोखरी र ऐतिहासिक सम्पदामा मात्र सीमित छैन; पुस्तौँदेखि जीवनमा अभ्यास हुँदै आएका संस्कार, भाषा, लोकपरम्परा र सामाजिक सम्बन्धमा पनि निहित छ। कोजाग्रत पूर्णिमाजस्ता पर्वले यही पहिचानलाई जीवन्त राखेका छन्। त्यसैले यस्ता परम्परालाई संरक्षण गर्नु विगतप्रतिको सम्मान मात्र होइन, भावी पुस्तालाई आफ्नो सांस्कृतिक जरा चिनाउने दायित्व पनि हो। परम्पराको वास्तविक उज्यालो त्यतिबेला फैलिन्छ, जब त्यसले धार्मिक आस्थासँगै सामाजिक सद्भाव, पारिवारिक आत्मीयता र सांस्कृतिक निरन्तरताको सन्देश दिन्छ।

# दलित आन्दोलन किन निष्प्रभावी?



सिजेन्द्र सादा

मधेसको राजनीतिक तथा सामाजिक रूपान्तरणका लागि भएका ऐतिहासिक सङ्घर्षहरूमा मधेसी दलित समुदायको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। सदियौँदेखि राज्यको मूल प्रवाहबाट वञ्चित, जातीय विभेद र चरम गरिबीको मारमा परेका मधेसी दलितले अधिकार प्राप्तिका लागि ठूलो त्याग र बलिदान गरेका छन्। तर विडम्बना, यति धेरै सङ्घर्षका बाबजुद मधेसी दलित आन्दोलन अपेक्षित परिणाम हासिल गर्न असफल देखिएको छ। विशेषगरी सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउने उद्देश्यसहित अभ्यास गरिएको स्थानीय निर्वाचनले दलित आन्दोलनभित्रका कमजोरी, नेतृत्वको विचलन र जनचेतनाको अभावलाई उजागर गरेको छ।

मधेसी दलित आन्दोलन कमजोर हुनुको प्रमुख कारण दलित अगुवाहरूमा देखिएको दलीय स्वार्थ र व्यक्तिगत महत्त्वाकाङ्क्षा हो। स्थानीय निर्वाचनमा टिकट वितरण र प्रचारप्रसारका क्रममा यो प्रवृत्ति झन् स्पष्ट हुन्छ। दलित अधिकारको नारा दिएर स्थापित भएका कतिपय नेताहरू समुदायको सामूहिक हित र मुक्तिको एजेन्डाभन्दा राजनीतिक दलको स्वार्थलाई प्राथमिकता दिन थालेका छन्। दलित अधिकारका लागि स्वतन्त्र आवाज उठाउनुपर्ने अगुवाहरू नै पार्टीको टिकट प्राप्त गर्न र शक्तिशाली नेताहरूको चाकरीमा लाग्नु विडम्बनापूर्ण छ।




समुदायका मुद्दालाई राजनीतिक दलका शीर्ष नेताहरूसँग व्यक्तिगत पद, वडाध्यक्ष वा कार्यपालिका सदस्यको टिकट प्राप्त गर्ने माध्यम बनाउँदा आन्दोलनको मूल उद्देश्य कमजोर हुन्छ। नेतृत्व नै दलीय स्वार्थमा अल्झिएपछि सिङ्गो समुदायको आन्दोलन दिशाहीन हुनु अस्वाभाविक होइन। विभिन्न राजनीतिक दलमा विभाजित दलित अगुवाहरूले दलितको उल्लेख्य उपस्थिति भएका क्षेत्रमा समेत साझा सहमति र बलियो नेतृत्व निर्माण गर्न सकेका छैनन्। फलतः दलित आन्दोलन सत्तामा पुग्ने भऱ्याङका रूपमा प्रयोग हुने जोखिम बढेको छ।

आन्दोलन कमजोर हुनुको अर्को महत्त्वपूर्ण कारण समुदायभित्र राजनीतिक चेतना र अधिकारबोधको कमी हो। आर्थिक विपन्नता, अशिक्षा र सामाजिक वञ्चितीकरणका कारण मधेसी दलित समुदायका कतिपय मतदाता निर्वाचनका बेला राजनीतिक दल तथा प्रभावशाली व्यक्तिहरूको प्रलोभनमा पर्ने गरेका छन्। स्थानीय सरकार भनेको नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको निकाय हो। त्यसैले आफ्नो गाउँ, टोल र समुदायको विकास तथा अधिकार सुनिश्चित गर्न सक्ने नेतृत्व छनोट गर्नु मतदाताको महत्त्वपूर्ण जिम्मेवारी हो।

तर निर्वाचनका बेला पैसा, मदिरा, मासु र अन्य क्षणिक प्रलोभनमा मतको प्रयोग हुँदा त्यसको दीर्घकालीन मूल्य समुदायले नै चुकाउनुपर्छ। मतको शक्तिलाई बेवास्ता गर्दा पुरानै शोषणकारी प्रवृत्तिले निरन्तरता पाउने र दलित समुदायको प्रतिनिधित्व तथा विकासका सवाल ओझेलमा पर्ने सम्भावना रहन्छ। यद्यपि यस समस्याको दोष दलित मतदातामाथि मात्र थोपर्न मिल्दैन। गरिबी, सामाजिक बहिष्करण, राजनीतिक असमानता र निर्वाचनमा हुने अनुचित प्रभावलाई सम्बोधन गर्नु पनि उत्तिकै आवश्यक छ।

अब प्रश्न उठ्छ(यो दुष्चक्रको अन्त्य कसरी गर्ने? मधेसी दलित आन्दोलनलाई परिणाममुखी बनाउन नेतृत्व र समुदाय दुवै तहमा रूपान्तरण आवश्यक छ। दलित अगुवाहरूले दलीय स्वार्थभन्दा माथि उठेर समुदायप्रतिको उत्तरदायित्व, इमानदारी र सामूहिक हितलाई प्राथमिकता दिनुपर्छ। व्यक्तिगत पद र राजनीतिक अवसरका लागि समुदायका मुद्दामा सम्झौता गर्ने प्रवृत्ति त्याग्नुपर्छ। दलितको जनसङ्ख्या, सामाजिक अवस्था र स्थानीय आवश्यकताका आधारमा साझा राजनीतिक रणनीति निर्माण गर्न पनि आवश्यक छ।

त्यसैगरी, मताधिकारको महत्त्व र त्यसको शक्तिबारे व्यापक राजनीतिक तथा सामाजिक सचेतना अभियान सञ्चालन गर्नुपर्छ। नागरिकले आफ्नो मतलाई क्षणिक लाभका लागि प्रयोग नगरी शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक न्याय र समावेशी विकासका पक्षमा उभिने नेतृत्व छनोट गर्न सक्नुपर्छ। राजनीतिक दलहरूले पनि दलित समुदायलाई केवल निर्वाचन जित्ने माध्यमका रूपमा होइन, निर्णय प्रक्रियामा समान सहभागिता पाउने नागरिकका रूपमा स्वीकार गर्नुपर्छ।

नेतृत्वमा इमानदारी, समुदायमा राजनीतिक चेतना र राज्यका निकायमा समान अवसर सुनिश्चित नभएसम्म मधेसी दलित आन्दोलनको लक्ष्य पूरा हुन सक्दैन। अन्यथा, अधिकार र मुक्तिका नारा दोहोरिरहनेछन्, तर परिवर्तनको सपना अधुरै रहनेछ। अब समय आएको छ(दलित आन्दोलनलाई व्यक्तिगत स्वार्थबाट मुक्त गरी सामाजिक न्याय, समानता र सम्मानको साझा अभियान बनाउने।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

स्वास्थ्य चर्चा

# वैज्ञानिकले भेटे आयु बढाउने औषधिको सङ्केत, मुसामा सफल- मानिसमा के होला?

काठमाडौं । मानिसको आयु लम्ब्याउन सक्ने औषधिको खोजीमा वैज्ञानिकहरूले नयाँ सङ्केत फेला पारेका छन्। तौल घटाउन र मधुमेह नियन्त्रण गर्न प्रयोग गरिने सेमाग्लुटाइड नामक औषधिले वृद्ध मुसाको आयु लम्ब्याउनुका साथै बुढ्यौलीसँगै कमजोर हुँदै जाने शारीरिक तथा मानसिक क्षमतामा सकारात्मक प्रभाव पारेको अनुसन्धानले देखाएको छ।

अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेका वैज्ञानिकहरूले गरेको यो अध्ययन सन् २०२६ सेप्टेम्बरमा प्रतिष्ठित वैज्ञानिक जर्नल नेचर मा प्रकाशित भएको हो। अध्ययनमा जीवनको उत्तरार्धमा सेमाग्लुटाइड दिइएका पोथी मुसा लामो समय बाँचेका थिए। औषधि प्रयोग गरेका मुसामा मांसपेशीको कार्यक्षमता, सन्तुलन, सहनशीलता तथा स्मरणशक्तिसँग सम्बन्धित केही क्षमतासमेत राम्रो देखिएको थियो।






तर, यो खोजले मानिसको आयु पनि औषधिका कारण लम्बिन्छ भन्ने प्रमाणित गरिसकेको छैन। मुसामा देखिएको प्रभाव मानिसमा पनि हुन्छ कि हुँदैन, औषधि कति समय प्रयोग गर्नुपर्छ र स्वस्थ व्यक्तिले प्रयोग गर्दा कस्तो लाभ वा जोखिम हुन सक्छ भन्ने प्रश्नको उत्तर वैज्ञानिकहरूले अझै खोजिरहेका छन्।

यो अनुसन्धानको महत्त्व यहीँ छ- वैज्ञानिकहरू अब औषधिले कुनै रोगको उपचार गर्ने वा तौल घटाउने काममा मात्रै सीमित नभई बुढ्यौलीको जैविक प्रक्रियामै प्रभाव पार्न सक्छ कि सक्दैन भन्ने प्रश्नतर्फ अघि बढिरहेका छन्।

***के हो जीएलपी-१ औषधि र यसले कसरी काम गर्छ?***

जीएलपी-१ (ग्लुकागन लाइक पेप्टाइड-१) शरीरमा प्राकृतिक रूपमा बन्ने हर्मोन हो। यसले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न, खानापछि इन्सुलिन निस्कन सहयोग गर्न र भोक कम गर्न भूमिका खेल्छ। यस हर्मोनको प्रभाव नक्कल गर्ने औषधिलाई जीएलपी-१ रिसेप्टर एगोनिस्ट भनिन्छ।

सेमाग्लुटाइड यस समूहको औषधि हो, जुन ओजेम्पिक र वेगोभी नाममा उपलब्ध छ। त्यस्तै, टिर्जेपाटाइड अर्को औषधि हो, जुन मधुमेह र मोटोपनाको उपचारमा प्रयोग गरिन्छ। यी औषधिले भोक कम गर्ने, पेट भरिएको अनुभूति लामो समय कायम राख्ने र रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत गर्छन्।

जीएलपी-१ समूहका औषधिको महत्त्व तौल घटाउनमा मात्रै सीमित छैन। अध्ययनहरूले यी औषधिले मुटु तथा मिर्गौलासम्बन्धी केही जोखिम घटाउन र चयापचय स्वास्थ्य सुधार्न पनि मद्दत गर्न सक्ने देखाएका छन्। अब वैज्ञानिकहरूले यी लाभ बुढ्यौलीको मूल जैविक प्रक्रियासँग पनि सम्बन्धित छन् कि छैनन् भनेर अध्ययन गरिरहेका छन्।

***मुसामा के देखियो?***

क्यालिफोर्निया विश्वविद्यालय, बर्कलेका अनुसन्धानकर्ताले गरेको अध्ययनमा २० महिनाका पोथी मुसालाई सेमाग्लुटाइड दिइएको थियो। अध्ययन सुरु हुँदाको उमेर मानिसको करिब ६० वर्षसँग तुलना गरिएको थियो।

अनुसन्धानकर्ताले मुसालाई जीवनको बाँकी अवधिसम्म औषधि दिएर तिनको आयु र स्वास्थ्यमा आएको परिवर्तन अध्ययन गरे। नतिजा यस्तो थियो।

दुई समूहबीच औसत आयुको अन्तर ९२ दिन थियो। यो मुसामा देखिएको नतिजा हो, मानिसको आयुमा त्यति नै वर्ष थपिने अर्थ होइन।

औषधि पाएका मुसामा उमेरसँगै कमजोर हुने केही शारीरिक तथा मानसिक क्षमता पनि राम्रो देखिएको थियो। उनीहरूको सन्तुलन, सहनशीलता, मांसपेशीको कार्यक्षमता र केही संज्ञानात्मक परीक्षणको नतिजा सकारात्मक थियो।

तर एउटा महत्त्वपूर्ण पक्ष छ–यो अध्ययन पोथी मुसामा गरिएको थियो। त्यसैले यस्तै प्रभाव भाले मुसा वा मानिसमा पनि हुन्छ भन्ने निष्कर्ष निकाल्न थप अनुसन्धान आवश्यक छ।

***औषधिले मात्रै आयु बढाएको हो कि कम खाना खाएर?***

वैज्ञानिकहरूको मुख्य जिज्ञासा यही थियो। सेमाग्लुटाइडले भोक कम गर्छ र मुसाले कम खाना खान्छन्। त्यसैले तिनको आयु लम्बिनुको कारण औषधिको प्रत्यक्ष प्रभाव हो वा कम क्यालोरी सेवन गर्नु हो भन्ने छुट्याउन आवश्यक थियो।

यसका लागि अनुसन्धानकर्ताले अर्को समूहका मुसालाई करिब २४-२५ प्रतिशत कम क्यालोरी भएको खाना दिए। कम क्यालोरी खाएका मुसामा पनि आयु र स्वास्थ्यसम्बन्धी लाभ देखियो।

तर, सेमाग्लुटाइड पाएका मुसाले केही परीक्षणमा अझ राम्रो प्रदर्शन गरे। विशेषगरी भुलभुलैयाबाट बाटो पत्ता लगाउने, स्थानसम्बन्धी स्मरणशक्ति र रगतमा चिनीको मात्रा नियन्त्रण गर्ने क्षमतामा उनीहरू राम्रो देखिए। यसले औषधिको प्रभाव खानाको मात्रा घट्नुमा मात्रै सीमित नहुन सक्ने सङ्केत दिएको छ।

यद्यपि, कुन जैविक प्रक्रियामार्फत यस्तो प्रभाव देखियो र त्यसको कति हिस्सा औषधिको प्रत्यक्ष प्रभाव हो भन्ने पूर्ण रूपमा स्पष्ट भइसकेको छैन।

***मानिसमा पनि बुढ्यौली सुस्त भएको प्रमाण छ?***

यस प्रश्नको उत्तर खोज्ने केही प्रारम्भिक मानव अध्ययन पनि छन्। तर तिनको अर्थ सावधानीपूर्वक बुझ्नुपर्छ।

सन् २०२६ मेमा नेचर कम्युनिकेसन्समा प्रकाशित एक अध्ययनले एचआईभीसँग सम्बन्धित शरीरमा बोसो असामान्य रूपमा जम्मा हुने समस्या भएका ८४ जना वयस्कको तथ्याङ्क विश्लेषण गरेको थियो। तीमध्ये ४५ जनाले सेमाग्लुटाइड र ३९ जनाले प्लासेबो प्रयोग गरेका थिए। ३२ हप्तापछि रगतको डीएनएमा भएका परिवर्तनका आधारमा गणना गरिने केही जैविक उमेर सूचकमा सेमाग्लुटाइड समूहको नतिजा सकारात्मक देखिएको थियो।

तर यो अध्ययनको मूल उद्देश्य आयु बढ्छ कि बढ्दैन भनेर परीक्षण गर्नु थिएन। जैविक उमेरसम्बन्धी विश्लेषण पनि पहिले नै मुख्य नतिजाका रूपमा निर्धारित गरिएको थिएन। अध्ययनमा एचआईभीसँग सम्बन्धित विशेष स्वास्थ्य अवस्था भएका मानिस सहभागी थिए, त्यसैले नतिजा सबै स्वस्थ व्यक्तिमा लागू हुन्छ भन्न मिल्दैन।

जैविक उमेर नाप्ने सूचकले शरीरमा बुढ्यौलीसँग सम्बन्धित केही परिवर्तन देखाउन सक्छन्। तर त्यस्ता सूचकमा सुधार देखिँदैमा मानिस लामो समय बाँच्छ भन्ने स्वतः प्रमाणित हुँदैन।

***जैविक उमेर र वास्तविक उमेर फरक हुन्***

मानिसको वास्तविक उमेर जन्ममितिबाट गणना गरिन्छ। जैविक उमेर भने शरीरका कोषिका, अङ्ग र विभिन्न जैविक प्रणालीको अवस्थाका आधारमा अनुमान गरिन्छ।

उदाहरणका लागि, एउटै उमेरका दुई व्यक्तिमध्ये एकको रक्तचाप, रगतमा चिनीको मात्रा, शारीरिक क्षमता र चयापचय स्वास्थ्य राम्रो हुन सक्छ भने अर्कोमा विभिन्न समस्या देखिन सक्छन्। यसैले उनीहरूको जैविक स्वास्थ्यको अवस्था फरक हुन सक्छ।

वैज्ञानिकहरूले डीएनएमा हुने रासायनिक परिवर्तन, प्रोटिनको मात्रा तथा अन्य जैविक सूचकका आधारमा जैविक उमेर अनुमान गर्ने विधि विकास गरेका छन्। तर यी विधिका पनि सीमितता छन्। परीक्षणको नतिजा फरक पर्दैमा कुनै व्यक्तिको वास्तविक आयु कति बढ्छ वा घट्छ भन्ने निर्धारण गर्न सकिँदैन।

त्यसैले जीएलपी-१ औषधिले केही जैविक घडीको गति सुस्त बनाएको सङ्केत देखिनु र मानिसको आयु बढाएको प्रमाणित हुनु दुई फरक कुरा हुन्।

के अब लामो आयुका लागि पनि यस्ता औषधि प्रयोग गर्न मिल्छ?

अहिलेको प्रमाणका आधारमा मिल्दैन। सेमाग्लुटाइड तथा टिर्जेपाटाइड जस्ता औषधि चिकित्सकीय प्रयोजनका लागि प्रयोग गरिन्छन्। स्वस्थ मानिसले केवल बुढ्यौली रोक्न वा लामो समय बाँच्नका लागि यी औषधि प्रयोग गर्नु उचित ठहरिने पर्याप्त प्रमाण छैन।

यी औषधिका सम्भावित लाभसँगै वाकवाकी, बान्ता, पखाला वा कब्जियतजस्ता पाचनसम्बन्धी असर हुन सक्छन्। केही व्यक्तिमा गम्भीर जटिलता पनि देखिन सक्छ। औषधि उपयुक्त छ कि छैन भन्ने कुरा व्यक्तिको स्वास्थ्य अवस्था, अन्य रोग, प्रयोग भइरहेका औषधि र चिकित्सकीय मूल्याङ्कनमा निर्भर हुन्छ।

विशेषगरी मधुमेह नभएका र सामान्य तौल भएका व्यक्तिमा दीर्घकालीन प्रयोगको लाभ र जोखिमबारे थप अध्ययन आवश्यक छ। चिकित्सकको सल्लाहबिना यी औषधि प्रयोग गर्नु हुँदैन।

***अब वैज्ञानिकले के खोज्नेछन ?***

आगामी अनुसन्धानले मुख्यतः तीन प्रश्नको उत्तर खोज्नुपर्नेछ।

- मानिसको वास्तविक आयु बढ्छ कि बढ्दैन? यसका लागि लामो समयसम्म ठूलो सङ्ख्यामा मानिसलाई सहभागी गराएर स्वास्थ्य र मृत्युदरसम्बन्धी नतिजा अध्ययन गर्नुपर्छ।
- औषधिको लाभ तौल घट्नुबाहेक पनि हुन्छ? यसका लागि तौल, खानाको मात्रा, रगतमा चिनीको नियन्त्रण र औषधिको प्रत्यक्ष प्रभावलाई छुट्याएर अध्ययन गर्नुपर्छ।
- स्वस्थ तथा सामान्य तौल भएका व्यक्तिलाई पनि लाभ हुन्छ? मोटोपना वा मधुमेह नभएका व्यक्तिमा औषधिको प्रभाव र दीर्घकालीन सुरक्षा अलग्गै परीक्षण गर्नुपर्छ।

वैज्ञानिकहरूका लागि लक्ष्य केवल मानिसलाई धेरै वर्ष बाँचाउनु होइन, स्वस्थ अवस्थामा धेरै वर्ष बाँच्न सक्ने बनाउनु पनि हो। यसलाई हेल्थस्प्यान अर्थात् स्वस्थ जीवन बिताउने अवधि भनिन्छ।

***निष्कर्ष :*** सम्भावना छ, तर आयु बढाउने औषधि प्रमाणित भएको छैन

सेमाग्लुटाइडले वृद्ध मुसाको आयु लम्ब्याएको र बुढ्यौलीसँग सम्बन्धित केही शारीरिक तथा मानसिक क्षमतामा सकारात्मक प्रभाव पारेको अध्ययनले देखाएको छ। मानिसमा गरिएका केही प्रारम्भिक अध्ययनले पनि जैविक उमेरका निश्चित सूचकमा परिवर्तन आएको सङ्केत दिएका छन्।

तर मुसामा देखिएको आयु वृद्धिलाई मानिसमा सीधै लागू गर्न मिल्दैन। जैविक उमेरका सूचकमा सुधार हुनु र वास्तविक जीवनकाल लम्बिनु एउटै कुरा होइन।

अहिलेको सबैभन्दा महत्त्वपूर्ण निष्कर्ष यो हो- वैज्ञानिकहरूले बुढ्यौलीको प्रक्रियालाई लक्षित गर्न सक्ने सम्भावित औषधिको सङ्केत फेला पारेका छन्, तर मानिसको आयु बढाउने औषधि प्रमाणित भइसकेको छैन। आगामी वर्षका मानव अध्ययनले यस सम्भावनालाई पुष्टि गर्छन् वा गर्दैनन् भन्ने कुराले बुढ्यौलीसम्बन्धी चिकित्सकीय अनुसन्धानको दिशा निर्धारण गर्न सक्छ।

*(सीएनएन, नेचर तथा पबमेडबाट एकीकृत सामाग्री)*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सरकारी कर्मचारीलाई ६० लाखसम्म ऋृण, ब्याज सरकारले तिरिदिने तयारी

काठमाडौं ९ कात्तिक । सरकारले सरकारी कर्मचारीलाई सवारीसाधन खरिदका लागि ६० लाख रुपैयाँसम्म सहुलियतपूर्ण ऋृण र त्यसको ब्याज अनुदान उपलब्ध गराउने तयारी गरेको छ ।



'सरकारी कर्मचारीहरूका लागि सवारीसाधन व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८३' तयार गर्दै सरकारले मुख्यसचिव, सचिव तथा १२औं तहका कर्मचारीले चारपांग्रे सवारीसाधन खरिद गर्न ६० लाख रुपैयाँसम्म ऋृण पाउने व्यवस्था गर्न लागेको हो ।

निर्देशिकाअनुसार सहसचिव वा ११औं तहका कर्मचारीले ५० लाख, उपसचिव वा नवौं(दशौं तहका कर्मचारीले ४० लाख, शाखा अधिकृत वा छैटौं(आठौं तहका कर्मचारीले दुईपांग्रे सवारी खरिद गर्न चार लाख र राजपत्र अनंकित तथा सहायकस्तरका कर्मचारीले दुई लाख रुपैयाँसम्म ऋृण सुविधा पाउनेछन् । ऋृणको ब्याज सरकारले व्यहोर्ने र साँवा सम्बन्धित कर्मचारीले किस्ताबन्दीमा तिर्नुपर्नेछ ।

कर्मचारीलाई सवारीसाधनको इन्धन तथा मर्मत खर्चसमेत पदअनुसार उपलब्ध गराइनेछ । मुख्यसचिव, सचिव तथा १२औं तहका कर्मचारीले वार्षिक एक लाख ४० हजार रुपैयाँ इन्धन र एक लाख रुपैयाँ मर्मत खर्च पाउनेछन् । सहसचिव वा ११औं तहका कर्मचारीले इन्धनमा एक लाख २० हजार र मर्मतमा ७५ हजार, उपसचिव वा नवौं(दशौं तहले एक लाख र ५० हजार रुपैयाँ दिने तयारी सरकारको छ ।

त्यस्तै, शाखा अधिकृत वा छैटौं(आठौं तहका कर्मचारीले वार्षिक ४० हजार इन्धन र १५ हजार मर्मत खर्च पाउनेछन् । राजपत्र अनंकित तथा सहायकस्तरका कर्मचारीका लागि इन्धनमा २५ हजार र मर्मतमा १० हजार रुपैयाँ तोकिएको छ । यी रकम वार्षिक हुन् । मुख्यसचिव, सचिव र सहसचिव वा सोसरहका कर्मचारीले चालक राख्न वा आफैं सवारी चलाउन सक्नेछन् । आफैं चलाउनेले चालकको सुरु तलबमान बराबरको रकम पाउने व्यवस्था गर्न लागिएको छ ।

सरकारले सरकारी सवारीसाधनको दोहोरो प्रयोग र सञ्चालन खर्च घटाउन कर्मचारीलाई व्यक्तिगत सवारी खरिदमा प्रोत्साहन गर्ने नीति लिएको छ । योजनामा सहभागी नहुने कर्मचारीका लागि कार्यालयमा उपलब्ध गाडीलाई साझा रूपमा प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत तथा सरकारले विशेष पदस्थापनका रूपमा तोकेका पदमा भने सरकारी सवारी उपलब्ध गराइने प्रस्तावित निर्देशिकामा उल्लेख छ ।

निर्देशिकाले विद्युतीय, स्वदेशमै उत्पादित तथा एसेम्बल गरिएका सवारीसाधनलाई प्राथमिकता दिने, सरकारी कार्यालयमा चार्जिङ स्टेसन निर्माण गर्न नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गर्ने र सवारीसाधनको विवरण तथा ऋृण(भुक्तानीको अभिलेख डिजिटल प्रणालीमा राख्ने व्यवस्था पनि गरिँदै छ ।

यो निर्देशिका संघीय निजामती, स्वास्थ्य तथा संसद् सेवासहित तोकिएका संघीय निकायका स्थायी कर्मचारीमा लागु गर्न खोजिएको हो ।

गलत विवरण पेस गरी दोहोरो सुविधा लिएमा सुविधा रोक्का गरी रकम असुलउपर गर्नुका साथै प्रचलित कानुनअनुसार कारबाही गर्ने सरकारी तयारी छ । न्युज एजेन्सी नेपाल

# बिहीबारदेखि शनिबार सम्म वर्षाको सम्भावना



दैनिक समाचारदाता
काठमाडौं, ९ कात्तिक । नेपाल मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबारदेखि शनिबार दिउँसोसम्म वर्षाको सम्भावना रहेको छ ।
महाशाखाका मौसमविद् रोजन लामिछानेले कात्तिक १२ गते बिहीबारदेखि पानी पर्नसक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बिहीबारदेखि पानी पर्न सक्ने सम्भावना । शनिबार बिहानसम्म वर्षा रहने र त्यसपछि मौसम सुधार हुने सम्भावना छ ।" उहाँले बङ्गालको खाडीमा चक्रवात बनिरहेकोले यसको प्रभाव नेपालसम्म पर्ने जानकारी दिनुभयो ।
उहाँले भन्नुभयो, "बङ्गालको खाडीमा चक्रवात बनिरहेको छ, भारतको आसपासको राज्यहरुबाट विस्तार भइ नेपालतर्फ आउने र यसको प्रभावको कारणले पानी पर्न सक्ने सम्भावना देखिएको हो ।"
भारतमा बनेको उक्त प्रणालीको सबैभन्दा बढी प्रभाव हिमाली र पहाडी भूभागमा हुने सम्भावना देखिएको उहाँको भनाइ छ । यससँगै तराई क्षेत्रहरुमा पनि यसको प्रभाव पर्ने देखिएको छ ।
उहाँ भन्नुहुन्छ, "सो अवधिमा मध्यम वर्षाको सम्भावना धेरै देखिन्छ । थोरै ठाउँमा भारी वर्षा, एक, दुई ठाउँमा अति भारी वर्षाको सम्भावना पनि देखिन्छ ।"

## धनुषामा.........

कक्षमार्फत ८ हजार ८३ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको जनाएको छ। यस अवधिमा प्रहरी कार्यालयको हटलाइनमा २ हजार ९८५ र प्रहरी नायब उपरीक्षकको सम्पर्क नम्बरमा ६ हजार ७२८ वटा फोन आएको विवरणमा उल्लेख छ।

राजस्व चुहावट तथा भन्सार छली नियन्त्रणका क्रममा प्रहरीले १३ लाख ४८ हजार ७५ रुपैयाँ मूल्य बराबरका सामान बरामद गरेको छ। यस क्रममा एक जनालाई पक्राउ गरिएको विवरणमा उल्लेख छ। त्यसैगरी अवैध मदिरा नियन्त्रणका क्रममा ४५० लिटर मदिरा बरामद गरिएको छ। प्राकृतिक सम्पदा दोहन नियन्त्रण अभियानमा ११ वटा सवारीसाधन नियन्त्रणमा लिइएको र एक लाख १७ हजार रुपैयाँ जरिवाना गरिएको प्रहरीले जनाएको छ।अवैध वन पैदावारको चोरी तथा ओसारपसार नियन्त्रणका क्रममा एक मोटरसाइकल र एक ट्र्याक्टर नियन्त्रणमा लिइएको छ। यस क्रममा १६५.९७ क्विन्टल वन पैदावार बरामद गरी २० हजार ७४६ रुपैयाँ राजस्व तथा जरिवाना प्राप्त भएको विवरणमा उल्लेख छ।

असोजमा धनुषामा आगलागी, करेन्ट लाग्ने, जनावरको आक्रमण, पानीमा डुब्ने तथा अन्य प्रकृतिका २७ वटा विपद्सम्बन्धी घटना भएका छन्। ती घटनामा तीन जनाको मृत्यु र २० जना घाइते भएका थिए। विपद्का कारण नौ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरणमा उल्लेख छ।

प्रहरीले समुदाय तथा विद्यालय केन्द्रित ९३ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। ती कार्यक्रमबाट २ हजार ५३५ जना लाभान्वित भएका छन्। कार्यक्रममा लागूऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण, साइबर अपराध, ट्राफिक सचेतना, महिला हिंसा तथा बालविवाहविरुद्धका विषय समेटिएका थिए। नगराइन नगरपालिका-२ मा आयोजित सार्वजनिक सुनुवाइ तथा नागरिक सुनुवाइ कार्यक्रममा ११० जना सहभागी भएका थिए। कार्यक्रममा लागूऔषध सेवन र ट्राफिक व्यवस्थापनका विषय उठाइएको प्रहरीले जनाएको छ।

अनुचित लेनदेनसम्बन्धी चारवटा निवेदनमा मिलापत्र तथा फछ्र्योट गरिएको विवरणमा उल्लेख छ। यस क्रममा १३ लाख रुपैयाँ बराबरको रकम मिलापत्र भएको र १२ कट्ठा घरजग्गा फिर्ता भएको जनाइएको छ।

प्रहरीले कर्मचारीको मनोबल वृद्धि गर्न उत्कृष्ट प्रहरीलाई पुरस्कृत गर्ने, आवश्यकताअनुसार आलोपालो बिदाको व्यवस्था मिलाउने तथा पीडितसँग पुनः भेटघाट गर्ने गतिविधिलाई समेत निरन्तरता दिएको जनाएको छ। नागरिकता तथा अन्य कागजातसम्बन्धी मुचुल्का तयार गर्ने कार्य पनि गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## मधेसमा.....

सहभागी हुँदा पनि सहमति कार्यान्वयन नभएकाले बाहिरिनुपरेको हो। "हामीले चार-पाँच महिना सरकारमा बसेर काम गर्‍यौं। तर, उहाँहरूले गरेको सहमति कार्यान्वयन गर्न मान्नुभएन। सरकारको कामलाई लिएर जनताका गुनासा आइरहेकाले समर्थन फिर्ता लिन बाध्य भयौं," उनले भने।
एमाले नेता यादवका अनुसार नयाँ सरकार गठनका विषयमा पार्टी अध्यक्ष केपी शर्मा ओली र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच केन्द्रमा एक चरणको छलफल भइसकेको छ। उक्त छलफल सकारात्मक रहेको बताउँदै उनले प्रदेश तहमा पनि जसपा र जनमत पार्टीसँग संवाद भइरहेको जानकारी दिए।
"जसपाका संसदीय दलका नेतासँग प्रदेश तहमा पनि सामान्य छलफल भएको छ। वार्ता सकारात्मक छ, तर निर्णय भइसकेको छैन। चाडपर्व सकिएपछि सहमतिमा पुग्ने गरी छलफललाई अघि बढाउँछौं," उनले भने।
एमालेले जसपा र जनमत पार्टी दुवैसँग सहकार्य गरेर सरकार गठन गर्ने सम्भावनामा छलफल गरिरहेको छ। संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठन हुन सक्ने सम्भावनालाई ध्यानमा राखेर गृहकार्य भइरहेको यादवले बताए। यद्यपि, नयाँ सरकारको नेतृत्व कुन दलले गर्ने भन्ने विषयमा अहिलेसम्म ठोस सहमति नभएको उनको भनाइ छ।
प्रदेशमा विगतमा भएका सहमतिबाट दलहरू पछि हट्ने प्रवृत्ति देखिएकाले औपचारिक सहमति नभएसम्म अहिलेको छलफललाई अन्तिम निष्कर्षका रूपमा लिन नसकिने उनले बताए।
यता, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले पनि एमाले, जसपा र जनमत पार्टी मिलेर नयाँ सरकार गठन गर्ने विषयमा छलफल भइरहेको पुष्टि गरे। उनका अनुसार तीनै दलका अध्यक्षबीच केन्द्रबाटै सहमति जुटाउने समझदारी बनेको छ। "केन्द्रबाटै तीनै दलका अध्यक्ष बसेर विषय टुंग्याउने सहमति भएको छ। अबको केही दिनमा यसबारे निर्णय हुन्छ," उनले भने। प्रदेशसभामा आफ्नो दल सबैभन्दा ठूलो भएकाले नयाँ सरकारको नेतृत्व जसपाले नै गर्ने उनको दाबी छ।
जसपा संसदीय दलका नेता यादवका अनुसार वर्तमान सरकार २९ गतेसम्म कायम रहने र त्यसअघि नै तीन दलका अध्यक्षबीच छलफल गरेर नयाँ सरकार गठनबारे सहमति जुटाउने प्रयास हुनेछ। जसपा अध्यक्ष उपेन्द्र यादव विराटनगरबाट काठमाडौं फर्किएपछि यस विषयमा थप छलफल हुने उनले बताए।
गत असोज ३० गते एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेस प्रदेश सरकार अल्पमतमा परेको छ। यद्यपि, नेपाली कम्युनिस्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन।
१०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।
सिट संख्याका आधारमा एमाले, जसपा र जनमत पार्टीबीच गठबन्धन बनेमा उनीहरूको कुल संख्या ६२ पुग्छ, जुन सरकार गठनका लागि आवश्यक बहुमतभन्दा बढी हो। तर, तीन दलबीच सरकार गठनको औपचारिक सहमति र नेतृत्वको टुंगो लाग्न बाँकी छ।



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान
रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब उत्कृष्ट भविष्यको रोजाई

MIT Campus, Janakpurdham
- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता
"आजको सही निर्णय, भोलिको सफल भविष्य"
किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा
Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np
विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४